# राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७४

(स्वीकृत मितिः २०७४/०९/२३)

यस समिति र अन्तरगत साझेदार सरकारी निकायहरुमा कार्यरत कर्मचारीहरु र विभिन्न विश्वविद्यालय अन्तर्गतका कलेजमा अध्ययनरत विद्यार्थीबाट तयार हुने यस समितिको कार्यक्रम कार्यान्वयन र समग्र चुरे क्षेत्रको संरक्षण र व्यवस्थापनमा सहयोग पुग्ने विषयमा शोधपत्र तयार गर्न इच्छुक व्यक्ति वा संस्थाका लागि अनुसन्धान सहयोग उपलब्ध गराउने उदेश्यले व्यवस्थापन तथा प्रशासकिय कार्यविधि नियमावली, २०७१ को नियम ११२ ले दिएको अधिकार प्रयोग गरी समितिले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम “राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७४” रहेको छ ।

(ख) यो कार्यविधि समितिबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**१.२ परिभाषा : विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -**

(क) “शोधपत्र” भन्नाले कुनै विश्वविद्यालय वा अन्तर्गतका कलेजहरुको विद्यार्थीहरुद्वारा गरिने थेसिस जुन स्नातकोत्तर अध्ययनको आंशिक भाग पुरा गर्नको लागि गरिने अध्ययन सम्झनु पर्नेछ ।

(ख) “शोधपत्र अनुसन्धान सहयोग” भन्नाले सम्बन्धित शोधपत्रको लागि लाग्ने सम्बन्धित कलेज र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको स्वीकृत शिर्षक बमोजिमको शोधपत्र तयार गर्न अनुसन्धान सहयोग वापत तोकिएको रकम सम्झनु पर्दछ ।

(ग) “उच्च शिक्षा अध्ययन” भन्नाले कर्मचारीहरुको सेवा समूहसंग सम्बन्धित र वृत्ति विकासको दृष्टिकोणबाट उपयोगी विषयहरुमा स्नातकोत्तर तहको अध्ययन भन्ने सम्झनु पर्दछ ।

(घ) “विश्वविद्यालय” भन्नाले समितिको निर्णयबाट अध्ययन सुविधा दिइने विषयहरुमा अध्ययन अध्यापन गराउने अनुसूची १ मा उल्लिखित विश्वविद्यालयहरु वा सो को आंगिक वा सम्बन्धन प्राप्त कलेज सम्झनु पर्दछ ।

(ङ) “मन्त्रालय” भन्नाले यस समितिसंग सहकार्य गर्ने सबै मन्त्रालय सम्झनु पर्दछ ।

(च) “समिति” भन्नाले राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति सम्झनु पर्दछ ।

(छ) “शोधपत्र कर्ता” भन्नाले चुरे-तराई मधेश क्षेत्रमा परिच्छेद २ मा तोकिए बमोजिमको विषयमा शोधपत्र तयार गर्ने विद्यार्थी सम्झनु पर्दछ ।

(ज) “साझेदार सरकारी निकाय” भन्नाले समिति संग सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने सम्पूर्ण सरकारी निकाय सम्झनु पर्दछ ।

## परिच्छेद - २
## शोधपत्र सम्बन्धि व्यवस्था

**२.१ शोधपत्र तयार गर्दा समेट्नु पर्ने विषवस्तु :**

शोधपत्र गर्दा चुरे संरक्षण तथा व्यवस्थापन गुरुयोजना-२०७४ मा उल्लेखित निम्न शिर्षकहरु सम्बन्धि सोधपत्र तयार गर्नु पर्ने छ । यसरी शोधपत्र तयार गर्दा स्थलगत अध्ययन गरी प्रथम दर्जाको तथ्याङ्क संकलन गर्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ ।

क) विभिन्न प्रकासरका वन व्यवसथापन प्रणाली अनुसार चुरे, भावर, दुन र तराई मधेश क्षेत्रमा हुन सक्ने औसत वार्षिक वृद्धिदरमा (MAI)

ख) वन व्यवस्थापन प्रणाली सापेक्ष भू-क्षय दरसम्बन्धी कार्यमूलक अनुसन्धान

ग) व्यवस्थापन गरिएको नदी प्रणालीको थेग्रान (Deposition) को मात्रा र धमिलोपन सम्बन्धी कार्यमूलक अनुसन्धान

घ) गैर परम्परावादी नदी किनारा संरक्षण प्रविधिसम्बन्धी म्यानुअल विकास

ङ) प्राकृतिक स्रोत र समुदायबीच अन्तर सम्बन्ध, जडिबुटी तथा गैह्रकाष्ठ प्रजातीको प्रयोग सम्बन्धि परम्परागत ज्ञान र निर्भरताबारे खोज तथा अभिलेखिकरण

च) खुला चरिचरन र बँधुवा पशुपालनबीच तुलनात्मक अध्ययन (आर्थिक, सामाजिक र वातावरणीय पक्ष)

छ) परम्परागत भिरालो खेती र खनजोत कम गर्नु पर्ने बहुवर्षीय खेती प्रणालीबीच तुलनात्मक अध्ययन (आर्थिक, सामाजिक र वातावरणीय पक्ष)

ज) काँस, निगालो, बाबियो तथा अन्य NTFPs/MAPs हरुको आर्थिक मूल्य वृद्धि सम्भाव्यता परीक्षण र प्रविधि विकास

झ) पहिरो नक्साङ्कन, वर्गीकरण र नियन्त्रण प्राथमिकता र प्रविधि

ञ) बाँस उत्पादन, मूल्य अभिवृद्धि र बजारीकरण

ट) संरक्षित प्रणाली बाहिरका वन्यजन्तुको अवस्था र संरक्षणका उपाय

ठ) मिचाहा वनस्पति प्रजातिको उपस्थित, फैलावट, असर र नियन्त्रणका विधि

ड) संरक्षणकार्यबाट प्रभाव पर्ने वातावरणीय सेवासम्बन्धी आर्थिक मूल्याङ्कन

ढ) संरक्षित प्रणाली बाहिर रहेका संरक्षित वनस्पति प्रजातिहरुको अवस्था र संरक्षणका उपाय

ण) वनजन्य पदार्थमा आधारित उद्योग सम्भाव्यता अध्ययन

त) उपल्लो तटिय र तल्लो तटिय बिचको अन्तरसम्बन्ध सुध्रिढीकरण Mechanism र यसका फाईदा

थ) चुरे क्षेत्रमा हुने गरेको भूक्षय, भूक्षय Mechanism तथा भू संरक्षणका विभिन्न प्रविधि विकास

द) कृषि वन प्रणाली सम्बन्धी अध्ययन

ध) जैविक विविधता संरक्षण सम्बन्धि अध्ययन

न) चुरे क्षेत्रका नदी प्रणालीमा Hydrological तथा Metrological सम्बन्धि अध्ययन

प) भू-उपयोग र भू-छत्र सम्बन्धि अध्ययन

फ) ताल तलैया र तीनको अवस्था सम्बन्धि अध्ययन

ब) भूमिगत जलश्रोत र खोलानाला सम्बन्धि अध्ययन

भ) चुरे कार्यक्रमको बजेट र कार्यक्रम कार्यान्वयनको व्यवस्थापकिय पक्ष सम्बन्धि अध्ययन

म) जलवायू परिवर्तन तथा कार्वन मापन सम्बन्धि अध्ययन

य) चुरे क्षेत्रका समुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरुको सुशासनको अवस्था सम्बन्धि अध्ययन

र) चुरे संरक्षण कार्यक्रमहरुको सामाजिक र आर्थिक पक्षहरु सम्बन्धि

## परिच्छेद - ३
## आवेदन सम्बन्धी व्यवस्था

### ३.१ आवेदनको सुचना

समितिले स्वीकृत बजेटको आधारमा शोधपत्र अनुसन्धानको ढाँचा गरी सहयोग उपलब्ध गराउने २१ दिने सूचना वेव साइटमा प्रकाशित गर्नेछ ।

### ३.२ आवेदकको योग्यता

यस कार्यविधि बमोजिम आवेदन गर्दा निम्न बमोजिमको योग्यता र प्रकृया पुगेको हुनु पर्नेछ :-

(क) शोधपत्र कार्यक्रममा सहभागी विद्यार्थी मान्यता प्राप्त शैक्षिक संस्थामा वार्षिक प्रणाली भए स्नातककोत्तर तहको अन्तिम वर्षमा तथा सेमेस्टर प्रणाली भए अन्तिम सेमेस्टरमा अध्ययनरत हुनु पर्नेछ ।

(ख) परिच्छेद २ मा उल्लेखित शिर्षकहरु सम्बन्धि शोधपत्र तयार गर्नु पर्नेछ ।

**३.२ आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

(क) अध्ययनरत क्याम्पस तथा विभागहरुको शोधपत्रको शिर्षक सहितको सिफारिस पत्र ।

(ख) आवेदनकर्ताले अनुसुची-२ मा तोकिएको आवेदन फाराम भरी सुचनामा उल्लेख भए अनुसारको ढाँचामा अनुसंधान प्रस्ताव पेश गर्नु पर्नेछ । अनुसन्धान प्रस्तावको ढांचा अनुसुची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद - ४
## शोधपत्र प्रस्ताव मूल्याङ्कन

**४.१ मूल्यांकन समिति**

(क) समितिले तोके बमोजिम एक जना बोर्ड सदस्यको संयोजकत्वमा तीन सदस्यीय मूल्यांकन समिति गठन हुनेछ ।

(ख) गठीत समितिले अनुसूची-४ मा उल्लेखित आधारहरुमा उपयूक्त प्रस्ताव छनौट गरी स्वीकृतिको लागि समितिको सचिवालयमा पेश गर्नुपर्ने छ । संस्थागत प्रस्ताव स्वीकृत काम भईरहेका संस्थाहरु संलग्न गरिने छैन ।

## परिच्छेद - ५
## शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने व्यवस्था

**५.१ शोधपत्रको सम्झौता सम्बन्धि व्यवस्था**

शोधपत्रको अनुसन्धान सहयोगको लागि छनौट भएका शोधपत्रकर्ता र यस समिति बिच अनुसुचि-५ मा उल्लेखित ढांचा बमोजिम एक सम्झौता गर्नुपर्ने छ ।

**५.२. शोधपत्र अनुसन्धान सहयोग सम्बन्धी व्यवस्था :**

शोधपत्र अनुसन्धान सहयोग वापत स्वीकृत बजेटको आधारमा रकम उपलब्ध गराइनेछ ।

**५.३ शोधपत्र अनुसन्धान सहयोग रकम भुक्तानीको तरिका :**

(क) समितिको नियमानुसार A/C Payee Check मार्फत सम्बन्धित शोधपत्रकर्तालाई बढीमा दुई किस्तामा उपलब्ध गराइने छ । प्रथम किस्ता बापत कुल रकमको २० प्रतिशत मनोनयन पश्चात तुरुन्तै पेश्की स्वरुप उपलब्ध गराईनेछ ।

(ख) सम्बन्धित शैक्षिक संस्थाको सिफारिस साथ एक प्रति शोधपत्र उपलब्ध गराएपश्चात बाँकी ८० प्रतिशत रकम सम्बन्धित शोधकर्तालाई सोझै चेक मार्फत उपलब्ध गराइनेछ ।

**५.४ देहायको अवस्थामा शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने व्यवस्थाको स्वतः समापन हुनेछ ।**

(क) विश्वविद्यालय/शैक्षिक संस्थाले शोधपत्र नियमित नगरेको भन्ने जानकारी गराएमा ।

(ख) शोधपत्रकर्ता स्वयंमले पहिलो किस्ता लिई शोत्रपत्रको कार्य बिचैमा छाडेमा ।
यसरी शोधपत्रको कार्य विचमै छाडेमा पहिलो किस्ताको रकम फिर्ता गर्नु पर्नेछ र शोधपत्र अनुसन्धान सहयोग सम्बन्धि सम्झौता स्वतः समाप्त हुनेछ । रकम फिर्ता गराउने जिम्मेवारी सम्बन्धित क्याम्पस/विभागको हुनेछ ।

(ग) गुणस्तरिय शोधपत्र तयार गर्न नसकेका कारण शोधपत्र विश्वविद्यालय/शैक्षिक संस्थाबाट अस्वीकृत

भएमा ।

## परिच्छेद - ६ विविध

**६.१ कार्यविधिको प्रयोग र पालना :**

यो कार्यविधिको प्रयोग र पालना गर्ने गराउने दायित्व समिति, समितिको सचिवालय, सचिवालयमा कार्यरत कर्मचारीहरु तथा सरोकारवाला सबैको हुनेछ ।

**६.२ कार्यविधिको व्याख्या :**

(क) यस कार्यविधिमा स्पष्ट उल्लेख भएकोमा बाहेक अन्य कुनै पनि विषयमा द्विविधा उत्पन्न भएमा त्यसको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ ।

(ख) यस कार्यविधिको प्रयोग गर्दा कुनै पक्षलाई मर्का परी चित्त नबुझेमा त्यस्तो पक्षले सदस्य सचिव मार्फत समितिमा निवेदन दिन सक्नेछ । प्राप्त निवेदन माथि छानविन गरी समितिले गरेको निर्णय अन्तिम हुने छ ।

**६.३. बाझिएमा गर्ने :**

यस कार्यविधिमा उल्लेख भएका कुराहरु समितिको व्यवस्थापन तथा प्रशासकीय कार्यविधि नियमावली २०७१ संग बाझिएमा समितिको निर्णय अनुसार नै हुनेछ ।

# अनुसूची-१

## शोधपत्र का लागि तोकिएका विश्वविद्यालयहरु

| क.सं. | विश्वविद्यालयको नाम |
|---|---|
| १ | त्रिभुवन विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |
| २ | कृषि तथा वन विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |
| ३ | काठमाडौं विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |
| ४ | पोखरा विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |
| ५ | पूर्वाञ्चल विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |
| ६ | मध्य पश्चिमाञ्चल विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |
| ७ | सुदुर पश्चिमाञ्चल विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |
| ८ | राजर्षी जनक विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |

# अनुसूची-२

## आवेदन फारम

आवेदन गरेको शैक्षिक कार्यक्रम ..........................................................................................

शोत्रपत्र कर्ताको नाम : (देवनागरिक लिपिमा)........................................................................

शोत्रपत्र कर्ताको नाम : (अंग्रेजीमा) ....................................................................................

जन्म मितिः ..............................

लिङ्ग पुरुष ☐ महिला ☐

विवाहित ☐ अविवाहित ☐

बाबुको नामः ................................................. आमाको नामः ......................................................

सर्म्क टेलिफोन नं .............................. मोबाइल नं ........................... इमेलः .............................

स्थायी ठेगानाः .........................................................................................................

सोधपत्र अनुसन्धानको शिर्षक : ..........................................................................................

अध्ययनरत क्याम्पस/विभागको नाम : ..................................................................................

<u>शैक्षिक योग्यता -माथिल्लो शैक्षिक योग्यता पहिलो क्रममा लेख्ने)</u>

| अध्ययनको तह | अध्ययन गरेको संस्था | उत्तीर्ण गरेको वर्ष | प्राप्तांक प्रतिशत | मूख्य बिषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

शोधपत्र सुपरिवेक्षण गर्नेकोः

नाम थरः
पदः

शोधपत्र कर्ताकोः
दस्तखतः
नाम थरः
स्थायी ठेगानाः
नागरिकता नं.:
जारी गर्ने जिल्लाः
जारी मितिः
मितिः

# अनुसूची-३
# शोधपत्र प्रस्तावको ढांचा

शोधपत्र प्रस्तावको ढांचा देहाय बमोजिम हुनुपर्ने छ ।

क) सामान्य विवरण

१) शिर्षक

२) औचित्यता

३) उदेश्य

४) सैद्धान्तिक ढांचा

५) अनुसन्धान विधि

ख) कार्य योजना

ग) बजेट/खर्च बिवरण

# अनुसूची-४
## सोधपत्र प्रस्ताव मूल्यांकनका आधारहरु

| सि.नं. | मूल्यांकनका आधारहरु | अंकभार | अंकभारको थप बर्गिकरण |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता (स्नातक तह) मा प्राप्त गरेको प्रतिशत | ६० | प्रथम श्रेणी-६० |
| | | | द्वितिय श्रेणी-५५ |
| | | | तृतिय श्रेणी-५० |
| २ | शोधपत्र प्रस्ताव | २० | शिर्षक-४ |
| | | | औचित्यता-४ |
| | | | उदेश्य-४ |
| | | | सैद्धान्तिक ढांचा-४ |
| | | | अनुसन्धान विधि-४ |
| ३ | दलित तथा महिला | ५ | - |
| ४ | समितिमा कार्यरत कर्मचारी | १० | - |
| ५ | चुरे कार्यक्रम क्षेत्रको बासिन्दा | ५ | - |
| **जम्मा** | | **१००** | |

# अनुसूची-५
# सम्झौता पत्रको नमुना

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (यस पछि प्रथम पक्ष भनिएको) र ........................................................ (यस पछि दोस्रो पक्ष भनिएको) बीच शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धमा यो सम्झौता गरी एक एक प्रति लियौं दियौं ।

१. दोस्रो पक्षले ..................................................... शिर्षकमा शोधपत्र तयार गर्नु पर्नेछ ।

२. मिति.................................. भित्र सोधपत्र तयार गरी एक प्रति पहिलो पक्षलाई बुझाउनु पर्नेछ । उक्त अवधि भित्र सोधपत्र तयार हुन नसकेमा सम्बन्धित सुपरिवेक्षकको सिफारिस साथ शोधपत्र तयार हुन नसक्नुको कारण सहित दोस्रो पक्षले निवेदन पेश गरेमा पहिलो पक्षले म्याद थप गर्ने छ । थपिएको अवधि भित्र पनि दोस्रो पक्षले सोधपत्र तयार गर्न नसकेमा यो सम्भौता स्वतः बदर भएको मानिनेछ ।

३. प्रथम पक्षले सोधपत्र कार्यको लागि यो सम्झौता भएपछी पेश्की स्वरुप सोधपत्र अनुसन्धान सहयोगको २० प्रतिशत रकम पाउने छ र सोधपत्रको कार्य सकिए पछी सोधपत्र उपयूक्त देखिएमा बांकी रकम एकमुष्ट पाईने छ । दोस्रो पक्षले तोकिएको अवधि भित्र सोधपत्र पेश गर्न नसकेमा पेश्की बापत लिएको रकम पहिलो पक्षलाई फिर्ता गर्नुपर्ने छ । रकम फिर्ता नगरेमा प्रचलित कानून अनुसार असुलउपर गरिने छ ।

४. सोधपत्र तयार गर्दा स्थलगत रुपमा प्रथम दर्जाको तथ्यांक संकलन गरी आधिकारीक विवरण र तथ्यांकहरुलाई आधार बनाई गर्नु पर्नेछ । सन्दर्भ सामग्रीको रुपमा दोस्रो दर्जाको तथ्यांक (Secondry Data) प्रयोग गर्न सकिने छ । सोधपत्रको तथ्यांक र विवरणहरु झुठा देखिएमा पहिलो पक्षले दोस्रो पक्षलाई अनुसन्धान सहयोग भुक्तान गर्न बाध्य हुने छैन ।

५. पहिलो पक्षले दोस्रो पक्षलाई तोकिएको अनुसन्धान सहयोग बाहेक अन्य केही सुविधा उपलब्ध गराउने छैन ।

६. शोधपत्र तयार गर्दा हुने सम्पुर्ण कार्यको जवाफदेहीता र उत्तरदायित्व दोस्रो पक्षको हुनेछ ।

७. अन्य कुराहरु राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७४ र प्रचलित कानून अनुसार हुनेछ ।

**सम्झौताको दोस्रो पक्ष**
नामः
स्थायी ठेगानाः
सम्पर्क नम्बरः
नागरिकता नं.:
जारीगर्ने कार्यालय
जारी मितिः
दस्तखतः
मितिः

**सम्झौताको प्रथम पक्ष**
नामः
पदः
दस्तखतः
मितिः
कार्यालयको छापः